स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





अभिनेता प्रदीप खड्का अभिनित फिल्म 'एक्लो' ले दोस्रो साता एकदमै न्यून व्यापार गरेको छ। पहिलो साता ४३ लाख २५ हजार ४ सय ९८ ग्रस कमाई गर्न सफल भएको फिल्मले दोस्रो साता ३ लाख हाराहारीको व्यवसाय गरेको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको फिल्मको गत शनिबार सम्मको बक्स अफिस रिपोर्टमा फिल्मले अहिलेसम्म ४६ लाख ९५ हजार १८३ ग्रस कमाई रहेको छ।

**आजको विचार...**



भूराजनीतिक...
*(दुई पेजमा)*

डा. कृष्णप्रसाद ओली

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा उम्मेदवारको बन्दसूची सार्वजनिक गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा धेरै कलाकारलाई समानुपातिक उम्मेदवार बनाएको थियो। विरोधपछि रास्वपा स्वयम र सम्बन्धित कलाकारले आफ्नो नाम फिर्ता लिए । कतिपय कलाकारले नाम फिर्ता नलिएपनि पार्टीले नै सूचीबाट हटाइदिएको छ, जसमध्ये गायिका सत्यकला राई हुन्। गायक प्रकाश सपुत, अभिनेत्री तथा टिभी होस्ट रीमा विश्वकर्मा, मोडल बन्द तथा अन्य सूचीमा छन्।

❒ वर्ष ३१ अंक १७३ ❒ २०८२ माघ ६ गते मंगलबार 20 January 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## स्पेनमा रेल दुर्घटना २१ को मृत्यु

(रासस/एपी)

**अदामुज (स्पेन),** माघ ५/दक्षिणी स्पेनमा आइतबार साँझ एउटा उच्चगतिको रेल पटरीबाट खस्दै विपरीत दिशाबाट आइरहेको अर्को उच्चगतिको रेलसँग ठोक्किँदा कम्तीमा २१ जनाको ज्यान गएको छ भने दर्जनौं यात्रु घाइते भएका छन् । स्पेनका यातायातमन्त्री ओस्कार पुएन्टेले उद्धार कार्य सम्पन्न भइसकेको र मृतक सङ्ख्या मध्यरातपछि २१ पुगेको जानकारी दिएका छन् । यद्यपि अझै पुष्टि हुन बाँकी पीडित हुनसक्ने सम्भावना रहेको उनले बताए । रेल अपरेटर आदिफका अनुसार करिब ३०० यात्रु बोकेको रेल साँझ ७:४५ बजे मालागाबाट म्याड्रिडतर्फ जाँदै गर्दा कोर्डोबा नजिकै अचानक पटरीबाट हटेको थियो । सो रेलको पछाडिको भाग उफ्रेर विपरीत दिशाबाट म्याड्रिडदेखि दक्षिणी सहर हुवेल्भातर्फ आइरहेको करिब २०० यात्रु बोकेको अर्को उच्चगतिको रेलसँग ठोक्किएको थियो । तीमध्ये धेरैलाई कोर्डोबा लगिएको छ र कम्तीमा १५ जना गम्भीर घाइते छन् । स्पेनिस रेड क्रसले दुर्घटनास्थल नजिकैको आदामुज सहरमा सहायता केन्द्र स्थापना गरी आपतकालीन सेवाहरू र आफन्तको खोजीमा रहेका मानिसहरूलाई सहयोग गरिरहेको छ ।

**जिल्ला बचत सहकारी संघको साधारण सभा तथा अधिवेशन**

# जनताको जीवनस्तर उकास्न सहकारी महत्वपूर्ण : सांसद राना

## 'सहकारीले ऋण दिने मात्र होइन, त्यसको अनुगमन पनि गर्नुपर्छ'

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ ५/लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले जनताको जीवनस्तर माथि उकास्न सहकारीको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । सोमबार जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड पाल्पाको २६ औं साधारण सभा तथा आठौं अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै उनले सहकारीका माध्यमबाट गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका खेलेको बताएका हुन् ।

सरकारले आर्थिक, सामाजिक न्याय तथा गरिबी न्यूनीकरणका लागि सार्वजनिक, निजी र सहकारीसहित तीन खम्बे अर्थनीति अवलम्बन गरेको उल्लेख गर्दै प्रमुख अतिथि समेत रहेका



सांसद रानाले सहकारी क्षेत्रले आर्थिकरूपमा बिपन्न परिवारका लागि ठूलो सहयोग पुऱ्याएको उल्लेख गरे । उनले भने "पहिले-पहिले साहुमहाजन कहाँ पुगेर चर्को व्याजमा पैसा ल्याउनुपर्ने विपन्न वर्गको बाध्यतालाई अहिले सहकारीले अन्त्य गरेको छ । सहकारीका माध्यमबाट गरिब परिवारलाई सीप र रोजगारी उपलब्ध गराएर जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका खेलेको छ ।" सांसद रानाले पछिल्लो समय केही सहकारीहरुले अनुत्पादक क्षेत्रमा लगानी गर्ने गरेका कारण समस्या आएको भन्दै उत्पादनमूलक क्षेत्रमा मात्र लगानी गर्न सहकारीकर्मीहरुलाई आग्रह गरे । उनले उत्पादन मुलक र रोजगारी सिर्जना गर्ने दिशामा सहकारीहरु लाग्न जरुरी रहेको बताए । सांसद रानाले सहकारीले ऋण दिने तर त्यसको अनुगमन नगर्ने गर्दा आर्थिक अनियमिता हुने गरेको उल्लेख गरे । उनले सहकारीले ऋण दिने मात्र नभई अब त्यसको अनुगमन पनि गर्नुपर्नेमा जोड । सरकारले कानुन निर्माण गर्दा सरोकारवालाहरुसँग छलफल नै नगर्दा सहकारीहरु समस्यामा परेको सहकारी अभियान्ताहरुको गुनासोप्रति सांसद रानाले तीनै तहका सरकारले सरोकारवाला निकायसँग समन्वय गर्नु पर्ने बताए । उनले भने "कानुन निर्माणमा सरकारले लचकता अपनाउनुपर्छ, तर कार्यान्वयनमा कठोर बन्नुपर्छ ।" जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष भूपति पाण्डेयले आर्थिक विकासमा सहकारीले महत्वपूर्ण भूमिका खेल्दै आए पनि तीनै तहका सरकारबाट सबै भन्दा बढी सहकारी नै च्यापिएको बताए । उनले ऐन, नीति निर्माण गर्दा सरकारले जिल्ला सहकारी संघ, बचत तथा ऋण सकारी संघ जस्ता सरोकारवाला निकायहरुसँग समन्वय गरेर अगाडि बढ्दा राम्रो हुने उल्लेख गरे ।

*-बाँकी अन्तिम पेजमा...*

# दुर्गा प्रसाईं फेरी पक्राउ



**पाल्पा,** माघ ५/मेडिकल व्यवसायी दुर्गा प्रसाईं फेरी पक्राउ परेका छन् । निर्वाचन आयोगको विश्वसनीयतामाथि आँच आउने गरी भ्रामक प्रचार गरेको आरोपमा प्रसाईलाई सोमबार पोखराबाट प्रहरीले पक्राउ गरेको हो ।

प्रसाईले निर्वाचन आयोगमाथि गम्भीर आरोप लगाउनेदेखि सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्नेसम्मको योजना बनाएर रकम लगानी गरेकोसम्म आरोप छ । कांग्रेसको विषेश महाधिवेशन पक्षधरले निर्वाचन आयोगलाई ५२ करोड रुपैयाँ दिएको अभिव्यक्ति दिएका प्रसाइँले पैसा लगानी गरेर सरकारी वेबसाइड ह्याक गरेर डाटा चोरी गर्न अपराधको गम्भीर योजना बनाएको अडियोसमेत सार्वजनिक भएको थियो ।

उनलाई पोखरा विमानस्थल नजिकैबाट कास्की प्रहरीले नियन्त्रणमा लिएको हो । निर्वाचन आयोगले प्रसाईंको अभिव्यक्तिले संवैधानिक निकायको प्रतिष्ठामा गम्भीर आघात पुऱ्याएको ठहर गर्दै कारबाहीका लागि प्रहरीलाई पत्राचार गरेको थियो ।

# प्रतिनिधिसभा निर्वाचन : आज उम्मेदवारको मनोनयन दर्ता हुँदै

**पाल्पा,** माघ ५/आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको प्रत्यक्षतर्फ निर्वाचनका लागि आज उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदैछ । निर्वाचन आयोगले देशभरका निर्वाचन क्षेत्रमा कार्यालय स्थापना भइसकेको र आवश्यक कागजातसहित तोकिएको समयमै मनोनयन गर्न आग्रह गरेको छ । उम्मेदवारले मनोनयन पत्र दर्ता गर्दा १३ प्रकारका कागजात अनिवार्य पेस गर्नुपर्ने छ ।

उम्मेदवारले मनोनयन दर्ता गर्दा नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्र, अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा अनिवार्य रूपमा पेस गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ ।




नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा बहाल रहेको अवस्थामा उम्मेदवारी दिन चाहने व्यक्तिले सो पदबाट राजीनामा दिएको प्रमाण पेस गर्न आवश्यक छ । दलको तर्फबाट उम्मेदवारी दिँदा सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समितिबाट जारी गरिएको औपचारिक मनोनयनपत्र अनिवार्यरुपमा पेस गर्नुपर्ने छ । उम्मेदवारले स्वघोषणा पत्र, चल-अचल सम्पत्तिको विस्तृत विवरण पनि पेस गर्न आवश्यक छ ।

बैंक तथा वित्तीय संस्थामा रहेको खाता, सेयर, ऋणसम्बन्धी विवरण शिलबन्दी रूपमा पेस गर्नुपर्नेछ। प्रतिनिधिसभा सदस्यका उम्मेदवारले १० हजार रुपैयाँ धरौटी रकम बुझाउनुपर्नेछ । तर महिला, दलित, अल्पसंख्यक तथा आर्थिक रूपमा विपन्न उम्मेदवारको हकमा उक्त धरौटी रकममा ५० प्रतिशत छुट दिइनेछ । आर्थिक रूपमा विपन्न भएको हकमा सम्बन्धित स्थानीय तहको सिफारिस अनिवार्य हुनेछ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## उम्मेदवार दिदा ध्यान देऊ

उम्मेदवारी घोषणा भएका खबरहरू धमाधम सार्वजनिक हुन थालेका छन् । आगामी फागुन २१ गतेको निर्वाचनका लागि दलहरु प्रत्यक्षतर्फको उम्मेदवार टुंग्याउन अन्तिम कसरतमा छन् । दलहरुले केही उम्मेदवार तय गरिसकेका छन् भने केही उम्मेदवार छनौट गर्न कस्सिएका छन् । विशिष्ट पृष्ठभूमिमा निर्वाचन हुन लागेकाले दलहरूले अघि सार्ने उम्मेदवारबारे नागरिकमा चासो छ । त्यसैले दलहरूले आफ्नो उम्मेदवार टुंग्याउँदा आसेपासेलाई भन्दा अहिलेको विशेष समयको बोध गर्न र यसले माग गर्ने एजेन्डा बोक्न सक्छन् कि सक्दैनन् भनेर हेक्का राख्न जरुरी छ । कतिपय निर्वाचन क्षेत्रका लागि दलहरूले टुंगो लगाएका उम्मेदवारप्रति मिश्रित प्रतिक्रिया आइरहेको छ । यसप्रति पनि दलहरू गम्भीर हुनुपर्ने छ । स्वच्छ छवि, लोकतान्त्रिक मूल्यमान्यतामा प्रतिबद्ध, विगतमा पाएको पदप्रति न्याय गरेका, सम्भावना बोकेका नयाँ अनुहारलाई दलहरूले प्राथमिकता दिए भने त्यसले निर्वाचनलाई स्वस्थ बनाउनेछ, नागरिकको सार्वभौमिकता उपयोगको सुन्दर अवसरमा रूपान्तरण गर्नेछ । तर दलहरुले त्यसतर्फ ध्यान दिन सकेका छैनन् । यो अत्यन्त दु:खको कुरा हो ।

अहिलेका अवस्थामा अधिकांश स्थानबाट पुरानै अनुहार दोहोरिनु विडम्बनापूर्ण हो । सांसदमा पुरानै अनुहार आउनुहुँदैन भन्ने होइन तर कुनै योगदानबिना एउटै व्यक्ति पटकपटक दोहोरिनुको अर्थ पनि छैन । विगतमा उनीहरूले गरेको योगदानका आधारमा मूल्याङ्कन हुनुपर्नेमा एकपटक सांसद भएपछि सधैं हुनुपर्ने जुन योग्यता र मापदण्ड निर्धारण गर्ने प्रयास भएको छ, त्यो कुनै पनि हिसाबले जायज छैन । यसले राजनीतिक नेतृत्वको विकास हुन सक्दैन । जेनजीहरुको माग पनि पुरानालाई नभई नयाँलाई अवसर दिनुपर्छ भन्ने हो । स्थानीय तहदेखि केन्द्रीय राजनीतिमा योगदान गरेका कतिपय नेता दोहोरिए पनि विगतमा निर्वाचन जितेका वा प्रतिस्पर्धा गरेका अधिकांश नेतालाई फेरि पनि जेजसरी दोहोऱ्याउन खोजिएको छ, त्यो कुनै हिसाबले पनि जायज हुन सक्दैन । त्यसैले दलहरूले आगामी निर्वाचनमा स्थानीय स्तरमा जनताबीच लोकप्रिय र विकास गर्न लालायित अनि इमानदार नेतालाई उम्मेदवार बनाउनुपर्छ । भ्रष्टाचारको आरोप लागेका वा विगतमा विभिन्न पदमा रहँदा अलोकप्रिय निर्णय लिएका, जनताबीच अलोकप्रिय भएका नेतालाई जुन दलले उम्मेदवार बनाउनेछ, त्यो स्वयं त्यही दलका लागि महँगो साबित हुनेछ । तसर्थ दलहरूले नयाँ पुस्ताका युवाहरुको मागलाई मध्यनजर गर्दै आफु निकटका व्यक्तिलाई होइन राम्रा र जनताले खोजेका व्यक्तिहरुलाई उम्मेदवार दिने दिशामा ध्यान दिन जरुरी छ ।

### Opinion @ Socia Network

संघर्षको यात्रामा शत्रुले आफूतिर हानेको
ढुङ्गा समेत टिपेर घर बनाउने सामर्थ्य राख्नुपर्छ !
*(माया गाहाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Maya.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भूराजनीतिक शक्ति प्रतिस्पर्धाको चपेटामा नेपाल



डा. कृष्णप्रसाद ओली

भूराजनीतिमा कुनै पनि शक्तिसम्पन्न वा विपन्रुन मुलुकको परराष्ट्र नीति र त्यसको प्रभावको अध्ययन गर्ने तरिकालाई लिइन्छ । क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा भूगोल,जलवायु, जनसंख्या,प्राकृतिक स्रोत लगायतका वर्तमान र भविष्यमा हुने र भइरहेको घटनाहरू भूराजनीतिमा जोडिने गर्छन् । राजनीतिक शक्तिको चलखेल भूराजनीतिको अर्को महत्वपूर्ण पाटो हो । वर्तमान विश्वका प्राय कुनै पनि मुलुकहरू भूराजनीतिको प्रभावबाट अछुतो छैनन् । हरेक देशहरू युद्धरत वा शान्तिपूर्ण हुन सबैमा भूराजनीतिको प्रभाव छ । कतिपय महाशक्ति राष्ट्रहरूले साना देश वा आफ्ना प्रतिस्पर्धीहरूलाई शान्तिसँग बस्न दिएका छैनन् । भनेजुएलामाथि अमेरिकी हस्तक्षेप वा अन्य कुनै सार्वभौम देशमाथिको आक्रमण हुनु दुवै गलत हुन् । दक्षिणी र दक्षिण पूर्वी एसियाको भूराजनीति पनि ठूला शक्ति सम्पन्न राष्ट्रहरूबीच भइरहेका अस्वस्थ्य गठबन्धन र आन्तरिक कलह उत्पन्न हुन थालेका छन् । अमेरिका र चीनबीच चलिरहेको प्रतिस्पर्धाले दक्षिण पूर्वी एसिया र चीन र भारतबीचको प्रतिस्पर्धाले दक्षिण एसिया दुवै प्रभावमा छन् । विगतका केही घटनाहरूले यस क्षेत्रका राष्ट्रहरूबीच हुने सहयोग र समझदारीलाई थप बाधा पुऱ्याएको छ । जसका कारण यस क्षेत्रको भूराजनीति एकदमै संवदेनशील ठाउँमा पुगेको छ । देशको सीमाभित्र प्राप्त स्रोतले नै राष्ट्रहरूको आर्थिकदेखि छिमेकी सम्बन्धमा प्रभाव पर्छ ।

दक्षिण एसियालाई हेर्दा यहाँ रहेका देशका नेताहरू भूपरिदृश्यको बन्दी भएको आभास हुन्छ । उनीहरूमा आफैँले छनोट गरेर विकल्प दिने विषयहरू कम छन् । सिमा विवाद अहिले पनि सुल्झिएका छैनन् । जसका कारण ती देशका नेतृत्व अझै पनि सिमा सुरक्षाका लागि सक्रिय देखिन्छन् । भारत र चीन ठूलो सीमा जोडिएका छिमेकी मुलुकहरू हुन् । उनीहरूबीच ठूलो युद्ध भनेको सन् १९६२ मा भएको थियो । यसको मुख्य कारण दुवै देशको सीमामा अवस्थित भौतिक अवरोध हिमालय पर्वतमाला भएको कारणले हो । त्ससैगरी नेपालको पनि छिमेकीहरूसँग पनि १८१६ को सुगौली सन्धीपछि कुनै नराम्रो सम्बन्ध भएको छैन । हालको वर्तमान प्रविधिको विकासका कारणले हिमालयको भौतिक उपस्थितिमा पनि अवरोध हटेको जस्तो मात्र देखिन्छ तर अझै पनि भौतिक अवरोध नै युद्ध कम हुने कारक तत्वको रूपमा लिन सकिन्छ । अब चर्चा गरौँ विश्व भूराजनीतिको । विश्व भूराजनीतिमा मित्रता भन्ने कुरा केही पनि देखिँदैन र छैन । यो एउटा अत्यन्तै निर्दयी प्रक्रिया र राजनीतिक व्यवसाय नै हो भन्दा फरक नपर्ला । किनभने यसमा भावना, प्रेम, सद्भाव, विचार, मुल्य र मान्यता सबै गौण हुन्छ । यसमा केवल शक्तिशाली राष्ट्र वा कमजोर राष्ट्रको आफ्नो निहित स्वार्थले मात्र काम गर्दछ । यदि त्यहाँ स्वार्थ मिल्यो भने सहयोग हुन्छ । जस्तै शीतयुद्धका बेला अमेरिका,पाकिस्तान र अफगानी स्वार्थ मिलेको थियो र तत्कालीन सोभियत संघविरुद्ध मोर्चाबन्दी भयो । तर सन् २००१ को सेप्टेम्बर ११ मा भएको अमेरिकी घटनापछि यो सम्बन्ध तल्लो विन्दुमा झऱ्यो । अफगान युद्धका समय पाकिस्तान र अफगानिस्तानबीच अदृश्य सम्झौता देखियो । हाल अफगानिस्तान र भारतबीच सम्बन्ध नजिकिएको छ। जहाँ तालिबान नेतृत्वको सरकारलाई भारतले रुचाएको देखिन्छ । अर्कोतर्फ पाकिस्तानले मन पराएको छैन । त्यसकारण भूराजनीति जहिले पनि आफ्ना राष्ट्रिय नीति र स्वार्थअनुसार चल्ने गर्दछ । भेनजुएला प्रकरण पनि यही हो । अमेरिकी स्वार्थ अनुसार त्यहाँका राष्ट्रपति निकोलस मदुरोले काम नगरेपछि रातारात अमेरिकी फौजले उनलाई देशभित्रै आफ्नो घरबाट अपरहण शैलीमा गिरफ्तार गरेर अमेरिका पुऱ्यायो । मदुरोले अमेरिकी तेल कम्पनीहरूलाई भेनजुएलामा स्थान दिएको भए ट्रम्पले उनको गिरफ्तारी नगर्न पनि सक्थे । युक्रेनले नाटो सदस्य लिन नखोजेको भए रुसले आक्रमण नगर्न सक्थ्यो । त्यसैले नीति निर्माण गर्ने र निर्णय गर्नेहरूले भूराजनीतिलाई भावनामा नबगिकन एकदम ठण्डा दिमागले बुद्धिमत्तापूर्वक सोच विचार अद्यावधिक गरिनुपर्दछ । नेपाल जस्तो संवेदशनील ठाउँमा रहेको मुलुकले वास्तविक धरातल बुझेर आफ्नो परराष्ट्र नीति निर्माण गरिनुपर्दछ । हामीले मुसा र हात्तीसँगै गर्ने व्यवहार फरक हुनुपर्छ । त्यो वास्तविकता हो । हामीजस्ता साना राष्ट्र र ठूला राष्ट्रहरूले पनि आफ्नो राष्ट्रिय र क्षेत्रीय अर्थतन्त्रमा वृद्धि गरी भूराजनीतिक चपेटाबाट बाँच्दै राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने कुरा अहम कुरा पर्दछ । त्यसका लागि राष्ट्रहरूबीच एक हद सम्मको विश्वास हुन जरूरी छ । तर वर्तमान दक्षिण एसियाको भूराजनीति हेर्ने हो भने एक अर्काबीचमा कुनै राम्रो विश्वासको वातावरण नै छैन । दक्षिण एसियाली देशहरूको सम्बन्ध सर्प, भ्यागुता र बिच्छीको जस्तो छ । यो अविश्वासका कारण हामी भूराजनीतिको चपेटामा सधैँ परिरहने गरेका छौँ । सार्क निष्क्रिय हुनुको कारण पनि यही हो । यो भूराजनीतिक प्रक्रियामा नेपाल पनि अछुतो देखिँदैन । नेपालको विकासमा संयुक्त राज्य अमेरिकाको सहयोग सन् १९५० को दशकदेखि रहँदै आएको छ । कृषि, शिक्षा, स्वास्थ्य, सडक पहुँच, खानेपानीलगायत अन्य विभिन्न क्षेत्रहरूमा अमेरिकी सहयोग प्राप्त हुँदै आएको छ । त्यसैगरी हाम्रो छिमेकी मुलुकहरू चीन र भारत दुवैको सहयोग हामीले प्रचुर मात्रामा प्राप्त गर्दै आइरहेका छौँ । विगतका घटना हेर्ने हो भने अमेरिकाले सन् १९५० र ६० को दशकसम्म साम्यवादी विचारधारालाई विश्वमा बढ्न नदिने शीत युद्धको परराष्ट्र नीति अनुसार चीनको तिब्बतमा सीआईए बाट कोभर्ट एक्सन गरेको थियो । त्यस्तो कार्य नेपालको मुस्ताङ जिल्लालाई आधार शिविर बनाएर पनि गरेको थियो । सो कार्यलाई शान्तिपूर्ण तरिकाबाट हल गर्न नेपालले धेरै मिहिनेत गर्नु परेको थियो । नेपालका पहाडी जिल्लाहरूमा समेत अशान्तिको माहोल बनेको थियो । चीन एउटा उदयीमान शक्ति राष्ट्र हो जो अमेरिकाको धम्कीसँग टक्कर दिन सक्छ । अमेरिका प्रतिस्पर्धी कुनै हालतमा पनि सहन गर्न सक्दैन । हालैका वर्षहरूमा अमेरिकाले चीनलाई एक्ल्याउने नीति लिएको हुँदा नेपाललाई अमेरिकाले गर्दै आएको वर्तमान सहयोग पनि त्यसैको एउटा भाग हो भनी शंकाको दृष्टिले हेर्ने गरिएको देखिन्छ । उदाहरणका लागि अमेरिकी सरकारले नेपालमा विद्युत ट्रान्समिसन लाईनको विस्तार र बाटोघाटो मर्मत संम्भारका लागि ५०० मिलियन अमेरिकी डलर मिलेनियम च्यालेन्ज कर्पोरेसन मार्फत अनुदान दिएको छ । यसलाई विभिन्न राजनितिक समूह र छिमेकीहरू समेतले इन्डो प्यासिफिक रणनीति अन्तर्गत चीनलाई टक्कर दिन ल्याइएको आयोजना भन्दै आएका छन् । यसले नेपाललाई ठूलो भूराजनीतिक खेलको एउटा प्यादा भएको भनी पृष्ठपोषण गरेको भनिन्छ । यो कुराको नेपालको सन्दर्भमा भएको बहसले तत्कालीन सरकार ढल्नबाट मुस्किलले बच्यो । दोस्रो कुरा अमेरिकाले नेपाललाई दिने सहयोग वास्तवमा उल्लेखनीय रूपमा बढायो जसमा साझा सैन्य अभ्यास, शान्ति सुरक्षा सम्बन्धी तालिम र केही सामरिक सहयोग पर्दछन् । यसलाई पनि कतिपयले नेपाली सेनालाई अमेरिकी क्याम्पतिर लागेको भनेर बुझेको पनि बताएका छन् । यसैगरी अमेरिकाले नेपालमा विभिन्न गैरसरकारी संघ संस्थामार्फत विभिन्न विषयहरूमा जस्तै युएसएड मार्फत र अन्य विभिन्न फाउन्डेसन र सञ्चारमाध्यमहरूको प्रभावद्वारा आफ्नो सौम्य शक्तिमार्फत पश्चिमी उदार रणनीति अगाडि बढाउनुका साथै अमेरिकी समर्थन गर्ने ठूलो नागरिक समाज निर्माण गरेको भन्ने पनि छ । जनस्तरमा गैरसरकारी संस्थाहरूबाट हुने गरेका यी र यस्ता कार्यक्रमहरू हाम्रा दुवै छिमेकीहरू भारत र चीनका लागि असहज भएको कुरा बेलाबेला आउने गरेका छन् । दक्षिण एसियाको व्यापक भूराजनीतिक भाष्य अहिले अमेरिकी विदेश नीतिमा रहेको ‘इन्डो प्यासिफक स्ट्राटेजी’ अन्तर्गत पर्दछ । जुन चीनको बढ्दो व्यापक क्षमतालाई प्रतिरोध गर्दै खुम्च्याउने रहेको छ । यो रणनीतिको अर्को उद्देश्य चाहिँ भारतलाई साइजमा राखेर आफू अघि बढ्ने देखिन्छ । यसैगरी चीनको भाष्य पनि चीनका छिमेकी मुलुकहरूमा अमेरिकाले गर्ने कार्यहरू चीनको बहुआयामिक विकास र विस्तारलाई नियन्त्रित वा सीमित गर्ने रणनीति अन्तर्गत हुने भन्ने बुझिन्छ । भ्रष्ट्राचार निवारण र अपराधिक क्रियाकलापको नियन्त्रणका लागि भनेर शक्तिशाली देशले साना मुलुकका राष्ट्र र सरकार प्रमुखहरूमाथि गर्ने/गराउने आक्रमण र हस्तक्षेपले समस्या निम्त्याएको छ । कहिले कूशासन त कहिले भ्रष्टाचारका नाममा ठूला शक्ति राष्ट्रहरूले गर्ने भूराजनीतिक ‘कू’का चपेटामा साना राष्ट्रहरू पर्ने गरेका छन् । तसर्थ साना राष्ट्रहरूका लागि आफ्नो स्वतन्त्र परराष्ट्र नीति आफैँले निर्धारण गर्न वर्तमान विश्वमा कठिन बन्दै गएको देखिन्छ । नेपालको वर्तमान भूराजनीतिक प्रभाव पार्ने अहम देशहरूमा चीन, भारत र अमेरिका सहित पश्चिमी राष्ट्रहरू नै हुन् । भारतको अहम् प्रयास भनेको आफ्नो प्रभाव क्षेत्रलाई कायम राख्ने वा बढाउने हो । चीनको प्रगतिको कारण र नेपाल चीनबीचको घनिष्ठता र निकटता तथा बढ्दो कनेक्टिभिटीका कारण भारत कुनै कारण नै नभई सशंकित रहिरहन्छ । खासगरी नेपाल र चीनबीच ‘बीआरआई’ सम्झौता भएकोमा र चीनको नेपालमा बढ्दो आर्थिक सहयोगमा पनि भारत त्यति सन्तुष्ट देखिँदैन ।

वर्तमान नेपाली शासकहरूले ब्रिटिस भारतकै पालादेखि नेपाली राज्य व्यवस्थामा त्यसबेलाका नेपाली शासकहरूले जुन समस्या भोगेका थिए त्यहि किसिम र त्यो भन्दा भिन्न प्रकृतिका परराष्ट्र सम्बन्धी नेपाल भारत सम्बन्धमा अरू आयामहरू थपिएका र व्यहोरिरहेका छन् । दोस्रो कुरा अमेरिका चीनसँगैको दीर्घकालीन रणनीतिक प्रतिस्पर्धामा संलग्न छ । नेपाल यसको आफ्नो भूगोल र अवस्थितिका कारण सो प्रतिस्पर्धाको एउटा रंगशाला बन्रुने जोखिम छ । अमेरिकाको लक्ष्य भनेको यहाँ राजनीतिक अस्थिरता ल्याउने र सोही अस्थिरताबाट चिनियाँ र भारतीय स्थायित्वलाई खल्बल्याउन प्रयास गर्ने हो भन्ने कुरा केही अध्येताहरू बताउँछन् । नेपालको वास्तविक भूराजनीतिक पासो चाहिँ भारत र चीनसँग रहन्छ । यहाँ अमेरिका र पश्चिमा शक्ति भूराजनीतिको तेस्रो प्रभावकारी खेलाडीका रूपमा देखा परेका छन् । नेपालको भावी परराष्ट्र नीतिको रेखा भनेको आफूलाई विकसित गर्न लाभ उठाउँदै आफू र आफ्ना पूर्खाहरूले रक्षा गरेर सुरक्षित हस्तान्तरित सार्वभौमसत्तालाई ठूला र दुई महाशक्तिहरूको आकर्षण, विकर्षण र बाह्य अदृश्य शक्तिमा नपरी बाँचेर अगाडी बढ्नु रहेको छ । साथै, नेपालका राजनैतिक दलहरु, नागरिक समाज, राज्यका सुरक्षा निकायहरू र अन्य संरचनाहरूले दह्रो खुट्टा टेकी नि:स्वार्थ भावले एउटा प्रजातान्त्रिक अभ्यास गर्दै अघि बढीरहेको मुलुकको रक्षा कवच बन्नुपर्दछ । न की राज्य जलेको बेला मुकदर्शक भई आगोमा घिउ थप्ने र केवल राज्यको बोझ भई बस्ने । यसरी हामी सबैमा राष्ट्रभाव जागेको खण्डमा मात्र हामीमा आउने जुनसुकै समस्या आफैँमा समाधान गर्न सक्ने क्षमता हामीसँग सञ्चित रहन्छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०११९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०११९
परासी ०७८-५२०११९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा सक्रियता देखिनेछ। कर्मक्षेत्रमा कामको शैलीलाई लिएर प्रशंसा हुनेछ। | **तुला** : सोचले निर्णय कठिन बनाउला सिर्जनात्मक काममा मन लाग्नेछ। |
| **वृष** :आध्यात्मिक गहिराइ वा अनुसन्धान र खोजमूलक कार्यमा रुचि जाग्नेछ। | **वृश्चिक** : सफलताको शिखरमा पुग्न सहयोग गर्ने हातहरुको साथ पाईनेछ। |
| **मिथुन** : सामाजिक कार्यमा मन लाग्नेछ। परिवारसँगको समयले मन प्रसन्न बनाउनेछ। | **धनु** :व्यवहारलाई स्पष्ट राखेर कार्य गर्नुहोला।रोजगारीमा अवसर देखा पर्न सक्छ। |
| **कर्कट** : चञ्चलता देखिए पनि निर्णय सोचविचार गरेपछि लिनु उपयुक्त हुनेछ। | **मकर** : आर्थिक पक्ष सबल र सन्तोषजनक रहनेछ।सम्बन्ध प्रगाढ हुने समय रहेको छ। |
| **सिंह** : शत्रुहरु पराजित हुनेछन्। नोकरीमा पदोन्नतिको योग रहेको छ। | **कुम्भ** : योजनाले उत्साह बढाउनेछ तर आजै कार्यको थालनि सकेसम्म नगर्नुहोला। |
| **कन्या** : आर्थिक स्थितिमा सुधार हुनेछ। खानपानमा सजग रहनु होला । | **मीन** : आर्थिक रुपमा आजको दिन शुभ रहेको छ।मेहनतको राम्रो परिणाम मिल्नेछ। |

विज्ञान/सूचना प्रविधि

# गुगलको उपहार सित्तैमा एआई सुविधा




इन्टरनेट जाएन्ट गुगलले लोकप्रिय इमेल सेवा जिमेलमा आफ्नो एआई मोडेल जेमिनाई एआई आबद्ध गरी आम प्रयोगकर्तालाई उपलब्ध गराउन सुरु गरेको छ । यससँगै प्रयोगकर्ताहरूले अब Help Me Write, AI Suggested Replies tyf Smart Searc h का साथै निकट भविष्यमा आउन लागेको AI Inbox जस्ता अत्याधुनिक सुविधाहरू पाउनेछन् । कम्पनीका अनुसार यी नयाँ एआई फिचर्सले इमेल व्यवस्थापनलाई अझ छिटो, सहज र स्मार्ट बनाउनेछन् ।

**गुगलको निःशुल्क एआई अफर के हो ?**

गुगलको यो निःशुल्क अफर जिमेललाई पूर्ण रूपमा एआई युक्त बनाउने उद्देश्यले ल्याइएको हो । यसअन्तर्गत प्रयोगकर्ताले एआईको सहयोगमा नयाँ इमेल ड्राफ्ट गर्न, पुराना इमेल सम्पादन गर्न र सन्दर्भ बुझेर एक क्लिकमै जवाफ पाउने सुविधा पाउँछन् । एआईले इमेलको सन्दर्भ बुझेर उपयुक्त जवाफ सुझाउने भएकाले लामो इमेल थ्रेड पढ्न र जवाफ दिन लाग्ने समय धेरै बच्नेछ। यसको Smart Search / Email Summary फिचरले लामो इमेललाई केही लाइनमै बुझ्न मद्दत गर्छ । गुगलले निकट भविष्यमा ल्याउन लागेको AI Inbox फिचरले जिमेलको इनबक्सलाई स्वचालित रूपमा व्यवस्थापन गर्नेछ । यसमा महत्वपूर्ण इमेल, गर्नैपर्ने काम अर्थात् टू डू लिष्ट र आवश्यक सूचनाहरु इनबक्समा सबैभन्दा माथि देखाइनेछ । गुगलका अनुसार यी सबै सुविधाले जिमेलमा इमेल ओभरलोडको समस्या धेरै हदसम्म कम गर्नेछ । यी सबै सुधारहरू जेमिनाई थ्री एआई मोडेल का कारण सम्भव भएको गुगलले जनाएको छ । हाल यो अपडेट अमेरिका भित्रका जिमेल प्रयोगकर्ता तथा गुगल एआई प्रो र अल्ट्रा सब्सक्राइबरहरूका लागि उपलब्ध गराउन थालिएको छ । हाल यी फीचर्स अंग्रेजी भाषामा मात्र उपलब्ध रहेको भएपनि छिटै नै अन्य भाषा र देशमा निःशुल्क रुपमा विस्तार गरिने गुगलले जनाएको छ ।

**प्राइभेसीको चिन्ता**

गुगलले जिमेलको पछिल्लो एआई फिचरलाई प्रयोगकर्तामैत्री र निकै उपयोगी बताएको भए पनि कतिपय विज्ञहरुले भने यसले प्रयोगकर्ताको गोपनियतालाई जोखिममा पार्नसक्ने चिन्ता व्यक्त गरेका छन् । उनीहरूका अनुसार क्लाउडमा आधारित एआई प्रोसेसिङका कारण प्रयोगकर्ताको इमेल डेटा गुगलका सर्भरमा प्रशोधन हुनुपर्ने हुन्छ, जसले प्राइभेसीको जोखिम बढाउन सक्छ । गुगलले भने प्रयोगकर्ताको गोपनियता र डेटा सुरक्षामा पूर्ण रुपमा संवेदनशील रहेको जनाएको छ । साथै गुगलले यी एआई फिचरहरु डिफल्ट रूपमा खुल्ला हुने भए पनि प्रयोगकर्ताले चाहेमा बन्द गर्न सकिने बताएको छ । त्यसका लागि जिमेलको Settings df uO{ General / Smart Features सेक्सनबाट एआई अप्सन अफ गर्न सकिन्छ। यद्यपि यसरी एआई बन्द गर्दा जिमेलका उन्नत फिचरहरु पनि प्रयोग गर्न पाइनेछैन । त्यसैले इमेलमार्फत धेरै काम गर्नुपर्ने र स्मार्ट असिस्टेन्टको आवश्यकता पर्ने प्रयोगकर्ताका लागि जिमेलको यस्तो अपग्रेड उपयोगी हुन सक्छ ।

*-अनलाइन खबर डटकम*


# विश्वभर रोबोट आपूर्तिमा चीन शीर्ष स्थानमा



एक उद्योगसम्बन्धी प्रतिवेदनले सन् २०२५ मा विश्वभर रोबोट उत्पादनमा चिनियाँ कम्पनीहरू सबैभन्दा अगाडि रहेको खुलासा गरेको छ । यसले उदाउँदो निर्माण क्षेत्रमा चीनको तीव्र प्रगतिलाई स्पष्ट रूपमा देखाएको छ । लन्डनस्थित प्रविधि परामर्श संस्था ओमडियाले बिहीबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शौाइस्थित एजीबोटले वार्षिक पाँच हजार एक सयभन्दा बढी रोबोट आपूर्ति गर्दै विश्व बजारको ३९ प्रतिशत हिस्सा हासिल गरेको छ । आपूर्ति संख्या र बजार हिस्साको आधारमा कम्पनी विश्वमै पहिलो स्थानमा रहेको छ । यसपछि हाङफाउस्थित युनिट्री र सेन्जेनस्थित युबिटेक क्रमशः चार हजार दुई सय र एक हजार एकाइ आपूर्तिसहित दोस्रो तथा तेस्रो स्थानमा रहेका छन् । एजीबोट र युबिटेकका रोबोटहरू मुख्यतः व्यावसायिक र औद्योगिक क्षेत्रमा प्रयोग भइरहेका छन् भने युनिट्रीका रोबोटहरू अनुसन्धान, शिक्षा र उपभोक्ता बजारमा व्यापक रूपमा प्रयोग हुँदै आएका छन् । गत वर्ष लेजु रोबोट, इन्जिनएआई र फोरियरजस्ता अन्य चिनियाँ उत्पादकहरूसँगै अमेरिकाका फिगर एआई, एजिलिटी रोबोटिक्स र टेस्लाले पनि एक सय ५० देखि ५ सय एकाइसम्म आपूर्ति गरेका थिए । विश्वभर वार्षिक रूपमा करिब १३ हजार रोबोट आपूर्ति भएको अनुमान गरिएको छ । उत्पादन प्रतिस्पर्धात्मकताका आधारमा एजीबोट, फिगर एआई, टेस्ला, युबिटेक र युनिट्रीलाई अग्रपंक्तिका कम्पनीका रूपमा प्रतिवेदनले उल्लेख गरेको छ । इन्जिनएआई र युबिटेकसहितका चिनियाँ रोबोट उत्पादकहरूले आगामी दिनमा उत्पादन क्षमता बढाउने योजना बनाइरहेका छन् । एजीबोटका प्रमुख वैज्ञानिक लो जियानलानका अनुसार सन् २०२६ रोबोट उद्योगका लागि महत्वपूर्ण मोड साबित हुने वर्ष हो, जहाँ सीमित क्षमताबाट उच्च कार्यसम्पादन र व्यवहारिक प्रयोगतर्फ उद्योग अग्रसर हुनेछ । उनका अनुसार प्रयोगमा ल्याइने रोबोटको संख्या बढ्दै जाँदा वास्तविक प्रयोगबाट प्राप्त तथ्याङ्कसमेत बढ्नेछ, जसले अझ प्रभावकारी प्रणाली विकास गर्न सहयोग पुऱ्याउनेछ ।

*-रातोपाटी डटकम*

# अपाङ्गता भएका व्यक्तिका सारथी एआई र डिजिटल प्रविधि




चीनको १२औँ राष्ट्रिय अपाङ्गता खेलकुद प्रतियोगिता र नवौँ राष्ट्रिय विशेष ओलम्पिक खेलकुद प्रतियोगितामा प्रविधिले अपाङ्गता भएका खेलाडी र सहभागीहरूका लागि अभूतपूर्व सहयोग पुर्याइरहेको छ । यी प्रतियोगिता हाल गुआङ्डोङ, हङकङ र माकाओमा आयोजना भइरहेका छन् । कुल सात हजार आठ २४ खेलाडीहरू ३४ टिमबाट सहभागी भएका छन् । मुख्य प्रतिस्पर्धा मङ्गलबारबाट शुरू भएको हो, र यो पहिलो पटक हो कि यी दुई प्रतियोगिता गुआङ्डोङ-हङकङ-माकाओ ग्रेटर बे क्षेत्रका तीनै क्षेत्रमा संयुक्त रूपमा आयोजना भएका हुन् । आयोजक समितिका अनुसार, प्रतियोगिताको सबैभन्दा महत्वपूर्ण विशेषता प्रविधिको व्यापक प्रयोग हो । विभिन्न स्थलहरूमा इन्टरनेट अफ थिङ्स, कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल ट्विन्स जस्ता अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी पहुँचयोग्य र सहयोगी वातावरण निर्माण गरिएको छ । बेइजिङका स्वयंसेवक गोङ वेईले एक वर्षदेखि दूरसञ्चार मार्फत साङ्केतिक भाषामा अनुवाद प्रदान गर्दै आएका छन् । प्रतियोगिता शुरू भएयता यस सेवामा माग उल्लेखनीय रूपमा बढेको छ । वीच्याटमार्फत प्रयोगकर्ताहरू केही सेकेन्डमै स्वयंसेवकसँग भिडियो कल गर्न सक्छन्, जसले भौगोलिक दूरी मात्र होइन, मनोवैज्ञानिक दूरी पनि घटाउने काम गर्छ । कार्यक्रमका विकासकर्ता शि चेङ्चुआन, जो आँफै सुनाइमा अपाङ्गता भएका व्यक्ति हुन्, ले साङ्केतिक भाषा अनुवाद सफ्टवेयर र उपकरणहरू विकास गरेका छन्, जुन सरकारी कार्यालय, अस्पताल र विद्यालयहरूमा पनि प्रयोग भइरहेका छन् । गुआङ्जौका खेलकुद अधिकारी झेङ चिहाओका अनुसार, विभिन्न स्थलमा स्मार्ट र बाधारहित मोड्युलहरू जडान गरिएको छ । यसमा आपतकालीन सहायता बटन, पहुँचयोग्य प्रश्न प्लेटफर्म, स्मार्ट सेवा स्तम्भ र अनलाइन साङ्केतिक भाषा अनुवाद यन्त्रहरू समावेश छन्, जसले स्थलको केन्द्रीय नियन्त्रण प्रणालीसँग जडान भएर प्रयोगकर्ताको सुरक्षा र सुविधा सुनिश्चित गरेको छ । मुख्य मिडिया सेन्टरमा आयोजना गरिएको प्रविधि प्रदर्शनीमा एआई-समर्थित पहुँचयोग्य प्रणाली, रोबोट र उन्नत व्हीलचेयरहरू प्रदर्शन गरिएको थियो, जसले दर्शकहरूको ठूलो चासो आकर्षित गरेको थियो । निर्माता ल्यु यीङ्आनका अनुसार, यी उपकरणहरूले उन्नत सन्तुलन नियन्त्रण एल्गोरिदम र भरपर्दो यान्त्रिक संरचनाका माध्यमबाट विभिन्न सतहमा स्थिरता र सुरक्षा सुनिश्चित गर्छन् । नयाँ परिचय गराइएको इलेक्ट्रोनिक डार्टबोर्डले व्हीलचेयर प्रयोगकर्ताको सुविधा सुनिश्चित गर्न स्वतः उचाइ समायोजनको सुविधा दिएको छ । सानक्सी प्रान्तको अपाङ्गता डार्ट टोलीका प्रशिक्षक लुओ बाओगाङले भने, "डार्टबोर्डको स्वतः उचाइ समायोजनले यसलाई पारम्परिक मोडेलभन्दा धेरै सुरक्षित र भरपर्दो बनाएको छ, जसले खेलाडीहरूलाई बढी सहजता प्रदान गर्छ ।" प्रतिस्पर्धा स्थल बाहेक, गाइड डग रोबोटहरूले दृष्टिहीन खेलाडीहरूलाई सहयोग गर्दै छन् भने डिजिटल ट्विन प्रविधिले स्थल सञ्चालनको वास्तविक समय निगरानी सम्भव बनाएको छ। यी आधुनिक उपकरणहरूले प्रयोगशालाबाट वास्तविक संसारमा प्रविधि लागू गर्ने अवसर पाएका छन् । आयोजन समितिका उपमहासचिव चेन् स्युजुनले अनुसार यी खेलकुदहरूले अपाङ्गता सेवाहरूलाई सामाजिक विकाससँग सम्पूर्ण रूपमा एकीकृत गर्ने अवसर प्रदान गरेका छन् । उनका अनुसार,"हामी उच्च गुणस्तर र दीगो प्रगतिका लागि निरन्तर प्रयासरत छौँ, ताकि अपाङ्गता भएका व्यक्तिहरूले उज्जवल भविष्यको आशा गर्न सकून् ।" *-हाम्रा कुरा डटकम*

# नेपालमा इनफिनिक्सको एक्सप्याड २० प्रो ट्याब्लेट सार्वजनिक




इनफिनिक्सले नेपालमा नयाँ ट्याब्लेट एक्सप्याड २० प्रो सार्वजनिक गरेको छ । ठूलो पर्दा, सशक्त कार्यसम्पादन र स्मार्ट सुविधासहित ल्याइएको यो ट्याब्लेट पढाइ, कार्यालयको काम तथा मनोरञ्जनका निम्ति उपयुक्त रहेको कम्पनीले जनाएको छ । एक्सप्याड २० प्रोमा १२ इन्चको उच्च गुणस्तरीय डिस्प्ले र ९० हर्ज रिफ्रेस रेट छ । यसले भिडियो हेर्दा, अध्ययन गर्दा वा खेल खेल्दा सहज र स्पष्ट दृश्य अनुभव दिने जनाइएको छ । आँखाको सुरक्षासम्बन्धी प्रमाणीकरण भएकाले लामो समय प्रयोग गर्दा पनि आँखामा थकान नपर्ने कम्पनीको दाबी छ । ट्याब्लेटमा शक्तिशाली प्रोसेसर जडान गरिएको छ । यसले एकैपटक धेरै काम गर्न, खेल खेल्न तथा दैनिक प्रयोगमा राम्रो कार्यसम्पादन दिन्छ । यसमा मोबाइल डाटाको सुविधा समेत रहेकाले वाइफाइ उपलब्ध नभए पनि इन्टरनेट प्रयोग गर्न सकिन्छ । यस ट्याब्लेटमा कृत्रिम बौद्धिकतामा आधारित सुविधा पनि समावेश गरिएको छ । लेखनमा सहयोग, अनुवाद गर्ने, लामो सामग्री छोट्याएर देखाउने तथा स्क्रिनमा देखिएको सामग्री चिन्नेजस्ता काम सजिलै गर्न सकिने कम्पनीले जनाएको छ । मनोरञ्जनका निम्ति ट्याब्लेटमा चार स्पीकर जडान गरिएको छ । यसले चलचित्र, खेल र संगीतमा चारैतिरबाट आउने ध्वनिको अनुभव दिनेछ । पातलो धातुको एकसाथ बनेको संरचनाले ट्याब्लेटलाई आकर्षक देखिनुका साथै मजबुत बनाएको छ । मोबाइल र ट्याब्लेटबीच फाइल आदानप्रदान तथा स्क्रिन साझा गर्न सकिने सुविधा पनि यसमा छ । यसले कामलाई अझ सहज बनाउने कम्पनीको भनाइ छ । नेपालमा एक्सप्याड २० प्रो दुई संस्करणमा उपलब्ध हुनेछ । चार जीबी र्याम र १२८ जीबी भण्डारण क्षमताको यसको प्रतिमूल्य २६ हजार ९९९ रुपैयाँ तोकिएको छ । आठ जीबी र्याम र २५६ जीबी भण्डारण क्षमताको यसको प्रतिमूल्य ३१ हजार ९९९ रुपैयाँ कायम छ । यो ट्याब्लेट देशभरका अधिकृत इनफिनिक्स बिक्री केन्द्रमा उपलब्ध हुने जनाइएको छ । इनफिनिक्सले ठूलो पर्दा, स्मार्ट सुविधा, आकर्षक बनावट र उचित मूल्यलाई एउटै ट्याब्लेटमा समेटेर बहुउपयोगी उपकरण खोज्ने प्रयोगकर्तालक्षित गरेको जनाएको छ ।

*-बाह्रखरी डटकम*

# 'प्रधानमन्त्री रोजगार कार्यक्रम' खारेज




**पाल्पा,** माघ ५ /'प्रधानमन्त्री रोजगार कार्यक्रम' खारेज भएको छ । कार्यक्रमको नाम र कार्यदिशा परिवर्तन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२' स्वीकृत गरी लागु गरेको छ ।

मन्त्रालयले पुस ३ गते मन्त्रीस्तरीय निर्णयबाट नयाँ निर्देशिका स्वीकृत गरी देशभरका सबै स्थानीय तहहरूलाई कार्यान्वयनका लागि पठाएको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७५ सालमा निकै तामझामका साथ सुरु गरेको यो कार्यक्रम 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५' अनुसार चलिरहेको थियो । तर यो कार्यक्रम रोजगारी सिर्जनाभन्दा पनि कम गुणस्तर र उत्पादकत्वहीन काममा बजेट खर्च गर्ने प्रवृत्ति बढेको भन्दै सर्वत्र आलोचना भएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रमले लक्ष्यअनुसार बेरोजगारलाई रोजगार दिने नसक्दा प्रत्येक वर्ष बजेटको सिलिङ र रोजगारी लक्ष्य घट्दै गएको थियो ।

तत्कालिन सरकारले आन्तरिक रोजगारी सिर्जनाका लागि महत्वाकांक्षी योजनाका रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरे पनि ६ आर्थिक वर्षदेखि रोजगार पाउनेको संख्या बढ्नुको सट्टा ओरालो लाग्दै गएको छ ।

## जनताको जीवनस्तर...

...अध्यक्ष पाण्डेयले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा सहकारीका अभिलेखहरु अपडेट गर्न सबै सहकारीकर्मीहरुलाई आग्रह गरे । उनले सहकारीहरु संस्थागत बन्नुपर्नेमा जोड दिए । उनले संघहरुले अब सदस्य संख्या वृद्धि नगरी भएका सदस्यहरुलाई व्यवस्थापन गर्न जरुरी रहेको समेत उल्लेख गरे । स्वनियमनका लागि अभियान्ता र सदस्यहरू पनि सजग हुनुपर्ने पनि अध्यक्ष पाण्डेले बताए । कर्जा समयमै तिर्ने, सञ्चालकहरूले ऋण लिएका छन् भने समयमै तिर्नु उनीहरूको दायित्व रहेको उनले उल्लेख गरे । सहकारीलाई आन्तरिक सुशासनमा ल्याउन स्वनियमन प्रभावकारी हुनुपर्नेमा पाण्डेयले जोड दिए । कार्यक्रममा राष्ट्र सेवक कर्मचारी सहकारीका अध्यक्ष पुर्ण प्रसाद घिमिरे, परोपकार स्ववलम्वन बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधि मिना थापा, नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्तिप्रसाद न्यौपाने लगायतले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरे । संघका अध्यक्ष जगदीश भट्टराईले संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै तीनै तहका सरकारले बनाएका र बन्दै गरेका ऐन, नियम अनुरुप संघ र सदस्य संस्थाहरुको माध्यमबाट प्रवर्द्धनात्मक कार्य गर्दै आएको बताए । उनले संघले संदस्य संस्थाहरुको व्यवस्थापन, नयाँ सदस्य संख्या वृद्धि, सहकारी तालिम सञ्चालन गरेको उल्लेख गरे ।

अध्यक्ष भट्टराईले सहकारीहरुमा समस्या आउन सक्ने केही संकेतहरु देखा परेकाले त्यसतर्फ सचेत बन्न सबै सहकारीहरुलाई आग्रह गरे । संघका अध्यक्ष जगदीश भट्टराईको अध्यक्षता, उपाध्यक्ष तुल्सीराम भुसालको स्वागत, सचिव धनबहादुर रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## प्रतिनिधिसभा निर्वाचन...

...उम्मेदवारले आफूले लिएको कुनै पनि पेस्की फछ्र्योट गरेको निस्सा, लेखा परीक्षणबाट कायम भएको बेरुजू फछ्र्योट गरेको प्रमाण र निर्वाचन आचारसंहिता पालनासम्बन्धी प्रतिबद्धता पत्र आवश्यक छ । तोकिएका सबै कागजात पूरा नगरेमा उम्मेदवारको मनोनयन अमान्य हुन सक्ने आयोगले जनाएको छ । यस्तै आयोगले उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजालगायत तडकभडक नगर्न चेतावनी समेत दिएको छ । तडकभडकलाई कानूनले पूर्ण रुपमा निषेध गरेको र आचारसंहिताले पनि निषेध गरेकाले त्यस्ता गतिविधिहरु नगर्न भनिएको छ । आचारसंहिता उल्लंघन गर्नेविरुद्ध आयोगले कठोर निर्णय लिने समेत जनाइएको छ । आयोगका अनुसार नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी र नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारीलाई आचारसंहिता लाग्नेछ । स्थानीय कार्यपालिका र सोका सदस्य, सै प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठनलाई आचारसंहिता लाग्नेछ । उम्मेदवार तथा सम्बन्धित व्यक्ति,राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारणा गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई आचारसंहिता लाग्ने जनाइएको छ । पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी आचारसंहिताको दायरामा परेका छन् । मतदाता, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई पूर्ण रुपमा आचारसंहिताको दायरामा परेका छन् । निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिलाई आचारसंहिता लाग्नेछ ।आयोगले निर्वाचन हुँदैन कि भन्ने शंका नगर्न पनि आग्रह गरेको छ ।

### खेलकुद समाचार

## एकदिवसीय शृंखला न्युजिल्यान्डले जित्यो




**काठमाडौं,** माघ ५/न्युजिल्यान्डले तेस्रो तथा अन्तिम खेलमा भारतलाई ४१ रनले हराउँदै एकदिवसीय शृंखला जितेको छ । न्युजिल्यान्डले २-१ ले शृंखला आफ्नो पक्षमा पारेको हो । इन्दौरमा आइतबार भएको खेलमा पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले ५० ओभरमा ८ विकेट गुमाउँदै ३ सय ३७ रन बनायो । न्युजिल्यान्डका ड्यारिल मिचेलले १ सय ३७ रन र ग्लेन फिलिप्सले १ सय ६ रनको शतकीय पारी खेले । मिचेलले १ सय ३१ बलमा १५ चौका र ३ छक्का प्रहार गरे । यस्तै, फिलिप्सले ८८ बलमा ९ चौका र ३ छक्का प्रहार गरे । भारतका विराट कोहलीले उत्कृष्ट ब्याटिङ गर्दै १ सय ८ बलमा १० चौका र ३ छक्का सहित १ सय २४ रनको शतकीय पारी खेले पनि टोलीलाई जित दिलाउन सकेनन् । हर्षित राणाले ४३ बलमा ४ छक्का र ५ चौका सहित ५२ रन जोडे । अन्त्यमा भारत ४६ ओभरमा २ सय ९६ रनमा अलआउट भयो । न्युजिल्यान्डले पहिलो पटक भारतलाई उसकै मैदानमा एकदिवसीय शृंखला जितेको हो ।

**वर्गिकृत डिस्प्ले**

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सुनको भाउ तोलामा २ लाख ८२ हजार पुग्यो



**पाल्पा,** माघ ५/नेपाली बजारमा सुनको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ । सोमबार सुनको भाउ तोलामा ४ हजार २ सय रुपैयाँ बढेर हालसम्मकै उच्च विन्दुमा पुगेको हो ।

मूल्य बढेसँगै सुन प्रतितोला २ लाख ८२ हजार रुपैयाँ पुगेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । अघिल्लो दिन २ लाख ७७ हजार ८ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । यसअघि गत बुधबार सुनको मूल्यले प्रतितोला २ लाख ७८ हजार रुपैयाँको अधिकतम रेकर्ड बनाएको थियो । सो रेकर्ड सोमबार तोडिएको हो । चाँदीको भाउले पनि नयाँ रेकर्ड बनाएको छ । अघिल्लो दिन प्रतितोला ५ हजार ६ सय २५ रुपैयाँमा कारोबार भएको चाँदी सोमबार १८५ रुपैयाँ बढेर ५ हजार ८१० रुपैयाँ पुगेको छ । यसअघि चाँदीको भाउ गत बुधबार ६ हजार ६५५ रुपैयाँको अधिकतम रेकर्ड बनाएको थियो ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- -आगो तथा हीटर नजिकबाट नतापौं।
- -कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
- -कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- -आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- -बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- -बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
- -घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- -आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई